काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १६७ | सोमवार, १६ चैत, २०८२ | Monday, 30 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

ओली र लेखकलाई ५ दिन हिरासतमा राख्न अनुमति



काँक्रेविहार संवाददाता
काठमाडौं, १५ चैत

पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई अनुसन्धानका लागि ५ दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

काठमाडौं जिल्ला अदालतका न्यायाधीश आनन्द श्रेष्ठको एकल इजलासले उनीहरूलाई ५ दिन हिरासतमा राख्न प्रहरीलाई अनुमति दिएको हो।

ओली र लेखकको बयान बाँकी रहेकाले अदालतले म्याद थप गरिएको काठमाडौं अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले जानकारी दिए। त्यस्तै श्रेष्ठको इजलासले केपी शर्मा ओली अस्वस्थ भई उपचारार्थ अस्पतालमा रहेकाले प्रभावकारी आवश्यक उपचारको व्यवस्था गर्न पनि आदेश दिएको छ।

म्याद थपका लागि प्रहरीले लेखकलाई सरकारी वकीलको कार्यालय हुँदै काठमाडौं अदालतमा पेश गरेको थियो भने पूर्वप्रधानमन्त्री ओलीलाई अस्पतालबाट भिडिओ कन्फ्रेन्समार्फत् अदालतमा हाजिर गराइएको थियो।

गत भदौ २३ र २४ को घटनासम्बन्धी घटनासम्बन्धी अनुसन्धान गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका लागि ज्यानसम्बन्धी कसुरमा ओली र लेखकलाई शनिबार पक्राउ गरिएको थियो। पक्राउपछि ओली उपचारका लागि शिक्षण अस्पतालमा भर्ना भएका छन्। लेखकलाई प्रहरीको २ नं गण महाराजगन्जमा राखिएको छ।

भत्ता पाउने उमेर ७५ वर्ष पुऱ्याउन सिफारिस

काँक्रेविहार संवाददाता
काठमाडौं, १५ चैत

सामाजिक सुरक्षा भत्ता पाउने उमेर वृद्धि गर्न सिफारिस गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका सचिव गोविन्द बहादुर कार्कीको नेतृत्वमा तयार पारिएको 'सुशासन मार्गचित्र, २०८२' मा भत्ता पाउने उमेर बढाउन सिफारिस भएको हो।

उक्त मार्गचित्रमा सामाजिक सुरक्षा भत्ता पाउने उमेर वृद्धि गरी ७५ वर्ष पुऱ्याउन सिफारिस गरेको छ। सरकारले चालू आर्थिक वर्षको बजेट मार्फत भत्ता पाउने उमेर ७० वर्ष पुऱ्याएको थियो। २०७९ सालको निर्वाचन अगाडी यस्तो भत्ता पाउने उमेर ७० वर्ष नै थियो। तर, त्यसबेला शेरबहादुर देउवा नेतृत्वको सरकारले ६८ वर्षमै भत्ता दिने थालेको थियो। भत्ताको भार बढ्दै गएपछि उच्च स्तरीय आर्थिक सुधार सुझाव आयोगले भत्ता पाउने उमेर बढाउन सुझाव दिएपनि चालू आ.व.बाट ७० वर्ष पुऱ्याइएको थियो। अहिले तयार पारिएको मार्गचित्रमा सामाजिक सुरक्षामा बढ्दो खर्चलाई मध्यकालिक खर्च संरचना अन्तर्गत व्यवस्थापन गर्न भनिएको छ।

कर्णालीमा नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन :

सात पालिकालाई तीन करोड ४० लाख अनुदान

"कर्णाली प्रदेश सरकारले सञ्चालन गर्न लागेको नवप्रवर्तन साझेदारी कार्यक्रमबाट स्थानीय नागरिकदेखि व्यवसायी, विद्यार्थी र स्वास्थ्य सेवाग्राहीसम्म प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।"

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ चैत

कर्णाली प्रदेश सरकारले नवप्रवर्तन साझेदारी कोषअन्तर्गत सात वटा स्थानीय तहलाई कुल तीन करोड ४० लाख रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय गरेको छ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले चालु आर्थिक वर्षभित्र सञ्चालन गरिने विभिन्न परियोजनाका लागि सम्बन्धित पालिकाहरूलाई बजेट अख्तियारी प्रदान गर्ने निर्णय गरेको हो। प्रदेश सरकारका प्रवक्ता विनोद शाहका अनुसार नवप्रवर्तन कार्यक्रममार्फत डिजिटल प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई छरितो, पारदर्शी र नागरिकमैत्री बनाउने लक्ष्य लिइएको छ।

उनका अनुसार स्थानीय तहको आवश्यकता र सम्भावनालाई ध्यानमा राख्दै प्रविधिमैत्री परियोजना छनोट गरिएको हो। जसले दीर्घकालीन रूपमा सुशासन र विकासमा टेवा पुऱ्याउने अपेक्षा छ। निर्णयअनुसार रुकुम पश्चिमको सानीभेरी गाउँपालिकालाई 'डिजिटल प्रविधिमा आधारित स्थानीय सेवा प्रवाह' कार्यक्रमका लागि ४२ लाख रुपैयाँ विनियोजन गरिएको छ।

त्यस्तै, सल्यानको शारदा नगरपालिकामा 'एकीकृत डिजिटल सेवा तथा सूचना व्यवस्थापन प्रणाली' कार्यान्वयन गर्न ४२ लाख रुपैयाँ उपलब्ध गराइनेछ। शिक्षा क्षेत्र सुधारतर्फ जाजरकोटको चौरजहारी नगरपालिकामा 'डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजना' सञ्चालनका लागि ५४ लाख ६० हजार रुपैयाँ छुट्टाइएको छ।

यस्तै, दैलेखको नारायण नगरपालिकामा 'व्यावसायिक उद्यम विकास परियोजना' का लागि ५४ लाख ५१ हजार ७०० रुपैयाँ प्रदान गर्ने निर्णय भएको प्रवक्ता शाहले बताए। जसले स्थानीय युवालाई स्वरोजगार र उद्यमशीलतामा आकर्षित गर्ने अपेक्षा गरिएको उनको भनाइ छ।

स्वास्थ्य सेवा सुदृढीकरणका लागि मुगुको मुगुम कार्मारोङ गाउँपालिकामा 'डिजिटल नवप्रवर्तनमा आधारित सामुदायिक अस्पताल सुदृढीकरण कार्यक्रम' सञ्चालन गर्न सबैभन्दा बढी ७५ लाख रुपैयाँ विनियोजन गरिएको छ। प्रदेश सरकारका अनुसार दुर्गम क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन यस परियोजनाले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा छ।

त्यसैगरी, जाजरकोटकै नलगाड नगरपालिकामा 'प्रविधिमैत्री एकीकृत सेवा प्रवाह केन्द्र' सञ्चालनका लागि २२ लाख ८८ हजार ३०० रुपैयाँ र कालिकोटको रास्कोट नगरपालिकामा 'डिजिटल पालिका' कार्यक्रमका लागि ४९ लाख रुपैयाँ उपलब्ध गराइने निर्णय भएको छ।

प्रदेश सरकारले यी परियोजनामार्फत स्थानीय तहमा डिजिटल रूपान्तरणलाई तीव्रता दिँदै सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ। साथै, सूचना प्रविधिको प्रयोगबाट प्रशासनिक कार्यमा पारदर्शिता बढ्ने, समय तथा लागत घट्ने र नागरिक सन्तुष्टि वृद्धि हुने अपेक्षा गरिएको छ।

यसका अतिरिक्त, नवप्रवर्तन साझेदारी कोषमार्फत सञ्चालन हुने परियोजनाले स्थानीय आर्थिक गतिविधि चलायमान बनाउने र साना तथा मझौला उद्यमलाई प्रोत्साहन गर्ने तथा रोजगारी सिर्जनामा समेत योगदान पुग्ने विश्वास प्रदेश सरकारले लिएको छ।



कसरी पुग्छ, प्रत्यक्ष फाइदा ?

कर्णाली प्रदेश सरकारले सञ्चालन गर्न लागेको नवप्रवर्तन साझेदारी कार्यक्रमबाट स्थानीय नागरिकदेखि व्यवसायी, विद्यार्थी र स्वास्थ्य सेवाग्राहीसम्म प्रत्यक्ष रूपमा लाभान्वित हुने अपेक्षा गरिएको छ।

प्रदेश सरकारले सात स्थानीय तहमा लागू गर्न लागेको डिजिटल तथा नवप्रवर्तनमुखी परियोजनाले सेवा प्रवाहलाई सहज बनाउँदै जनजीवनमा सकारात्मक परिवर्तन ल्याउने लक्ष्य राखेको छ। सबैभन्दा पहिले, स्थानीय नागरिकहरू प्रत्यक्ष लाभग्राहीका रूपमा रहनेछन्। डिजिटल प्रविधिमा आधारित सेवा विस्तार भएपछि जन्मदर्ता, मृत्यु दर्ता, सिफारिस, कर तिर्ने लगायतका सेवाहरू अनलाइन वा छिटो प्रक्रियामार्फत उपलब्ध हुनेछन्। यसले सेवाग्राहीलाई कार्यालय धाउनुपर्ने झन्झट घटाउने र समय तथा लागत बचत गर्नेछ।

'शिक्षा क्षेत्रमा, चौरजहारी नगरपालिकामा सञ्चालन हुने डिजिटल कक्षाकोठा व्यवस्थापन परियोजनाबाट विद्यार्थी र शिक्षक लाभान्वित हुनेछन्' प्रवक्ता शाहले भने, 'प्रविधिमैत्री शिक्षण प्रणालीले पढाइलाई प्रभावकारी बनाउने, डिजिटल सामग्रीको प्रयोग बढाउने र ग्रामीण क्षेत्रका विद्यार्थीलाई आधुनिक शिक्षासँग जोड्ने विश्वास गरिएको छ।'

उनका अनुसार स्वास्थ्य सेवातर्फ, मुगुम कार्मारोङ गाउँपालिकामा लागू हुने डिजिटल नवप्रवर्तनमा आधारित कार्यक्रमले दुर्गम क्षेत्रका बिरामीहरूलाई ठूलो राहत दिनेछ। स्वास्थ्य सेवा पहुँचभन्दा टाढा रहेका नागरिकले अब डिजिटल माध्यमबाट परामर्श लिन सक्ने, स्वास्थ्य अभिलेख व्यवस्थित हुने र उपचार प्रक्रिया छिटो हुने अपेक्षा गरिएको उनले बताए। त्यस्तै, नारायण नगरपालिकामा सञ्चालन हुने व्यावसायिक उद्यम विकास परियोजनाबाट स्थानीय युवा र साना व्यवसायी लाभान्वित हुनेछन्। सीप विकास, प्रविधिको प्रयोग र वित्तीय पहुँच विस्तारले उद्यमशीलता बढाउने र रोजगारी सिर्जनामा टेवा पुऱ्याउने लक्ष्य राखिएको छ।

नलगाड, शारदा, सानीभेरी र रास्कोट जस्ता पालिकाहरूमा सञ्चालन हुने डिजिटल सेवा प्रवाह र 'डिजिटल पालिका' कार्यक्रमले स्थानीय प्रशासनलाई अझ पारदर्शी र उत्तरदायी बनाउनेछ। सेवाहरू एकीकृत प्रणालीमार्फत उपलब्ध हुँदा भ्रष्टाचारको सम्भावना घट्ने र सेवा गुणस्तर सुधार हुने अपेक्षा गरिएको छ। विशेषज्ञहरूका अनुसार यस्तो नवप्रवर्तन कार्यक्रमले दीर्घकालीन रूपमा कर्णालीको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ। डिजिटल पहुँच विस्तारसँगै सूचना प्रविधिमा आधारित अर्थतन्त्रको आधार तयार हुने, ग्रामीण क्षेत्रमा लगानी आकर्षित हुने र समावेशी विकासलाई बल पुग्ने विश्वास गरिएको छ।

प्रदेश सरकारले भने यी परियोजनाको प्रभावकारिता सुनिश्चित गर्न नियमित अनुगमन, प्राविधिक सहयोग र स्थानीय तहसँग सहकार्यलाई प्राथमिकतामा राख्ने जनाएको छ। कर्णाली प्रदेशमा सुरु गरिएको नवप्रवर्तन साझेदारी कार्यक्रमलाई अन्य स्थानीय तहमा समेत विस्तार गर्नुपर्ने माग उठ्न थालेको छ।

हाल सात वटा पालिकामा मात्र सीमित अनुदान कार्यक्रमलाई प्रदेशभरका सबै पालिकाहरूले पनि लागू गर्नुपर्ने आवश्यकता औंल्याएका हुन्। प्रदेश सरकारका मन्त्रीहरुले पनि कार्यक्रमको प्रारम्भिक चरणको मूल्याङ्कनपछि क्रमशः अन्य पालिकामा विस्तार गर्ने योजना रहेको बताएका छन्।

सुर्खेतमा 'आगलागी नियन्त्रण पूर्वतयारी योजना-२०८२' पारित

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ चैत

जिल्ला विपद् व्यवस्थापन समिति सुर्खेतको बैठकले विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारीलाई प्रभावकारी बनाउने उद्देश्यले 'आगलागी नियन्त्रण पूर्वतयारी कार्ययोजना-२०८२' पारित गरेको छ।

आइतबार प्रमख जिल्ला अधिकारी जगदीश्वर प्रसाद उपाध्यायको अध्यक्षतामा बसेको बैठकले सम्भावित विपद्का घटनालाई न्यूनिकरण गर्न विभिन्न रणनीतिक निर्णयहरू गर्दै सम्बन्धित निकायलाई जिम्मेवारी तोकेको हो।



बैठकमा अघिल्ला निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै आगामी दिनमा सुख्खा मौसमसँगै बढ्न सक्ने हावाहुरी, चट्याङ, आगलागी तथा वन डढेलोप्रति विशेष सतर्कता अपनाउन निर्देशन दिइएको छ। समितिले सबै स्थानीय तहलाई सम्भावित जोखिमको पहिचान गरी पूर्वतयारी तथा प्रतिकार्य योजना तयार अवस्थामा राख्न आग्रह गरेको छ। वन क्षेत्रमा आगलागीका घटनाहरू बढ्न सक्ने जोखिमलाई मध्यनजर गर्दै डिभिजन वन कार्यालयहरूलाई उच्च सतर्कता अपनाउन निर्देशन दिइएको छ, भने स्थानीय तहहरूलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी नियन्त्रण कार्यमा सक्रिय सहयोग गर्न भनिएको छ।

योजनाअनुसार आगलागी नियन्त्रणका सामग्रीहरू तयारी अवस्थामा राख्ने, आवश्यक परे तत्काल परिचालन गर्न सकिने व्यवस्था मिलाउने र सामग्रीको विवरण अद्यावधिक गर्ने काम चैत तेस्रो साताभित्र सम्पन्न गरिनेछ। साथै, बाँकी पृष्ठ ४

इनिसा प्रकरण, अदालतमा अभियोगपत्र दर्ता

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ चैत

१६ वर्षीया इनिसा विकको मृत्यु प्रकरणमा सरकारी वकिलको कार्यालयले जिल्ला अदालत सुर्खेतमा अभियोगपत्र दर्ता गराएको छ। आइतबार दर्ता गरिएको अभियोगपत्रसँगै अब घटनाको न्यायिक प्रक्रिया औपचारिक रूपमा अघि बढेको छ। गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भएकी इनिसा हाल वीरेन्द्रनगर-१ मा परिवारसँग बस्दै आएकी थिइन्। फागुन २३ गते बिहान ट्युसन पढ्न जाने भन्दै घरबाट निस्किएकी उनी सोही दिन बिहान ९ बजेतिर वीरेन्द्रनगर-४ स्थित जनजागरण सामुदायिक वन क्षेत्रमा अचेत अवस्थामा भेटिएकी थिइन्। उपचारका लागि अस्पताल पुऱ्याएलगत्तै चिकित्सकले मृत घोषणा गरेका थिए। घटनापछि प्रहरीले सोही दिन घटनास्थलबाट एक १६ वर्षीय नाबालकलाई नियन्त्रणमा लिएको थियो। उनले प्रारम्भिक बयानमा इनिसा आफ्नो प्रेमिका भएको बताएका थिए। यसअघि चैत ११ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतले घटनासम्बन्धी अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको थियो। सोही प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले अभियोगपत्र तयार गरी अदालतमा दर्ता गराएको हो। अब अदालतमा सुनुवाइ प्रक्रिया अघि बढ्नेछ भने घटनाको अन्तिम टुंगो न्यायिक निर्णयमार्फत लाग्ने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

कानुनलाई न्यायको माध्यम बनाऊ

नेपालको समसामयिक राजनीतिमा नेपाल कम्युनिस्ट पार्टी (एमाले) अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेस नेता तथा पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ परेको यो विषयले देशको राजनीतिक वृत्तमा तरंग पैदा गरेको छ । कानुनी प्रक्रिया, राजनीतिक जिम्मेवारी र प्रतिशोधको आरोपबीच उत्पन्न यो घटनाले लोकतन्त्रको आधारभूत मान्यतामाथि गम्भीर प्रश्न उठाउँदै गहिरो तरंग सिर्जना गरेको हो । एकातिर, जेनजी आन्दोलनका क्रममा भएका मृत्यु र त्यससँग जोडिएका आरोपहरू गम्भीर छन् । राज्यले यस्ता घटनामा सत्यतथ्य पत्ता लगाउनु र दोषीमाथि कारबाही गर्नु उसको दायित्व हो । शुक्रबार अपराह्न मन्त्रिपरिषद्को बैठकले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय पनि गरेको छ । पूर्वन्यायाधीशको नेतृत्वमा गठित आयोगले दिएको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय आफैंमा गलत होइन। विधिको शासनमा विश्वास गर्ने हो भने कानुनभन्दा माथि कोही हुँदैन भन्ने सिद्धान्त लागू हुनुपर्छ । तर, अर्कोतर्फ, पक्राउको प्रक्रिया, समय र शैलीले राजनीतिक पूर्वाग्रहको आशंका पनि बढाएको छ ।

सरकार गठन भएको छोटो समयमै उच्चस्तरीय नेताहरूलाई पक्राउ गर्नुले निष्पक्ष अनुसन्धानभन्दा पनि शक्ति प्रयोगको सन्देश दिएको देखिन्छ । अझ, जरूरी पक्राउ पुर्जीको प्रयोग, अनुसन्धान अघि नै सार्वजनिक रूपमा दोषारोपणको वातावरण र सडकमा चर्किएको राजनीतिक प्रतिक्रिया जस्ता यी सबै दृष्टिकोणले प्रक्रियागत पारदर्शितामाथि प्रश्न उठाउँछन् । एमालेले यसलाई प्रतिशोधको संज्ञा दिएको छ भने कांग्रेसले पनि निष्पक्ष अनुसन्धानको माग गर्दै दुई पक्षधर पार्टी निकट नेताले मिश्रित प्रतिक्रिया दिएका छन् । दुवै पक्षका युवा तथा विद्यार्थी संगठनहरूको चेतावनीले स्थिति झनै संवेदनशील बनेको छ । यसले के देखाउँछ भने मुद्दा केवल कानुनी मात्र होइन, गहिरो राजनीतिक पक्ष पनि हो । यदि कानुन कार्यान्वयन राजनीतिक प्रभावबाट निर्देशित देखियो भने त्यसले न्याय प्रणालीप्रति जनविश्वास कमजोर बनाउने जोखिम हुन्छ । कार्की आयोगले लापरबाही र हेलचेक्र्याइँका कारण जेनजी आन्दोलनका क्रममा मानिसहरूको मृत्यु भएको भन्दै त्यसमा तत्कालीन प्रधानमन्त्री ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र नेपाल प्रहरीका तत्कालीन महानिरीक्षक चन्द्रकुबेर खापुङविरुद्ध अनुसन्धान गरी अभियोजन गर्न सिफारिस गरेको थियो । तर राजनीतिक विश्लेषकहरूले घटनाले मुलुकको समसामयिक राजनीतिमा थप तनाव सिर्जना गर्न सक्ने बताएका छन् । पक्राउको विरोध गर्दै एमालेले शनिबारदेखि देशभर विरोध प्रदर्शन गरिरहेको छ ।

साथै आन्दोलनका क्रममा भएका अन्य आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूलाई कारबाही नगरी केवल शीर्ष नेतामाथि केन्द्रित हुनु पनि सन्तुलित न्यायको सिद्धान्तसँग मेल खाँदैन । न्याय चयनात्मक भयो भने त्यो न्याय नभई अन्यायको अर्को रूप बन्न सक्छ । अहिले सबैभन्दा आवश्यक कुरा भनेको पारदर्शी, निष्पक्ष र द्रुत कानुनी प्रक्रिया हो । अदालतले स्वतन्त्र रूपमा तथ्य र प्रमाणका आधारमा निर्णय गर्न सक्नु पर्छ । सरकार, प्रहरी र राजनीतिक दलहरूले पनि संयमता अपनाउन आवश्यक छ । सडकमा हिंसा र अराजकता बढ्दै जानु समाधान होइन, समस्या झनै जटिल बनाउने बाटो हो । यो घटनाले नेपाललाई एउटा महत्त्वपूर्ण मोडमा उभ्याएको छ, जहाँ देशले विधिको शासनलाई मजबुत बनाउने कि राजनीतिक प्रतिशोधको चक्रमा फस्ने भन्ने निर्णय गर्नु पर्नेछ । यदि कानुन निष्पक्ष रूपमा लागू भयो भने यसले लोकतन्त्रलाई बलियो बनाउनेछ । तर यदि यसलाई शक्ति संघर्षको औजार बनाइयो भने त्यसको दीर्घकालीन असर गम्भीर हुनेछ । त्यसैले लोकतन्त्र केवल निर्वाचनबाट मात्र टिक्दैन । त्यो न्याय, पारदर्शिता र विश्वासमा आधारित हुन्छ । अहिलेको चुनौती पनि त्यही हो । त्यसैले कानुनलाई राजनीतिक हतियार होइन, न्यायको माध्यम बनाउ ।

२१औँ शताब्दीको भूराजनीतिक मोडमा नेपाल

विधानमा उल्लेखित 'समाजवाद उन्मुख' राज्यको अवधारणालाई व्यवहारमा उतार्ने प्रश्नमा राजनीतिक जटिलताको हाउगुजी सिर्जना गरियो । वाम तथा लोकतन्त्रवादी शक्तिहरू यसबाट मुक्त हुन सकेनन् ।



✍ बलराम बास्कोटा

२१औँ शताब्दीको तेस्रो दशकमा विश्व व्यवस्था अभूतपूर्व संक्रमणकालबाट गुज्रिरहेको छ । सोभियत संघको विघटनपछि स्थापित एकध्रुवीय विश्वको अवस्था र व्यवस्था क्रमशः कमजोर हुँदै गएको छ भने 'ग्लोबल साउथ' का राष्ट्रहरूको उदयले बहुध्रुवीयताको नयाँ स्वरूपलाई जन्म दिएको छ ।

यसै सन्दर्भमा, नेपालमा भर्खरै सम्पन्न निर्वाचन पछिको नेपालको आन्तरिक राजनीतिक परिदृश्य र बाह्य सम्बन्धले नयाँ आयाम सिर्जना गरेको छ। हिमालदेखि तराईसम्म सात प्रदेशमा फैलिएको यो भूपरिवेष्टित राष्ट्र नेपालका लागि कूटनीतिक चातुर्यता अहिलेको प्रमुख आवश्यकता हो ।

यस आलेखमा नेपालको वामपन्थी आन्दोलनको ऐतिहासिक पृष्ठभूमि, ०८२ को निर्वाचनको सन्देश, भू-राजनीतिक जटिलता, संघीयताको वर्तमान अवस्था र भविष्यको बाटोका बारेमा विश्लेषण गर्ने प्रयास गरिनेछ ।

नेपाली समाजको रूपान्तरण

नेपालको राजनीतिक इतिहासलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिले हेर्दा, यहाँका हरेक परिवर्तन उत्पादनका साधनमाथिको नियन्त्रण र सामाजिक सम्बन्धको टकरावबाट निर्देशित छन् । ००७ सालको राणा विरोधी आन्दोलन, ०३६ र ०४६ सालको जनआन्दोलन, ०५२ सालको जनयुद्ध र ०६२/०६३ को दोस्रो जनआन्दोलनले नेपाली समाजलाई सामन्तवादको जालोबाट मुक्त गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म पुऱ्यायो ।

तर, समाजवादको यात्रा अपूर्ण रह्यो । संविधानमा उल्लेखित 'समाजवाद उन्मुख' राज्यको अवधारणालाई व्यवहारमा उतार्ने प्रश्नमा राजनीतिक जटिलताको हाउगुजी सिर्जना गरियो । वाम तथा लोकतन्त्रवादी शक्तिहरू यसबाट मुक्त हुन सकेनन् ।

वर्तमान नेपाली समाज दलाल पुँजीवाद, रेमिट्यान्समा आधारित अर्थतन्त्र र राज्यसँगको अस्पष्ट सम्बन्धको संक्रमणकालमै रह्यो । लेनिनको भनाइ, 'क्रान्तिकारी सिद्धान्त बिना क्रान्तिकारी आन्दोलन सम्भव छैन' भन्ने उक्तिलाई बाम राजनैतिक नेताहरूले हृदयांगम गर्न सकेनन् वा चाहेनन् । यसर्थ नेपालका वामपन्थी पार्टीहरू दलाल पुँजीको चक्रब्युहबाट उम्कन सकेनन् ।

नेपालका वामपन्थी शक्तिहरू संसदीय अभ्यासलाई नै अन्तिम लक्ष्य मान्ने कि यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधनका रूपमा लिएर समाजवाद निर्माणको गन्तव्य तिर अघि बढ्ने भन्नेमा भ्रमित भइरहे । यसका लागि उत्पादनका साधनमाथिको नियन्त्रण, राज्यको भूमिका र तिन खम्बे अर्थतन्त्रको विकास जस्ता संरचनागत विषयमा स्पष्ट धारणा राख्न चाहेनन् र सकेनन् । फलतः ०८२ को निर्वाचनमा लज्जाजनक पराजय भोग्नु पऱ्यो ।

हालै सम्पन्न निर्वाचनका नतिजाहरूले नेपाली मतदाताको मनोविज्ञानमा आएको आवेग, आक्रोश र परिवर्तनलाई संकेत गर्छ । परम्परागत राजनीतिक शक्तिहरूले यस आवेगलाई विवेकको साँचोमा ढाल्न नसक्नुले र नयाँ उदय भएका वा गराइएका शक्तिहरूले संसदमा करिब दुईतिहाई मत ल्याए । जनता अब केवल 'आश्वासन' होइन, 'डेलिभरी' चाहन्छन् भन्ने कुरा अब वाम राजनैतिक शक्तिले बुझ्नै पर्छ ।

पुस्तान्तरण र जेनजीको भूमिका

यस पटकको निर्वाचनमा युवा मतदाता, विशेषगरी डिजिटल प्रविधिमा अभ्यस्त पुस्ताको भूमिका निर्णायक देखियो । सामाजिक सञ्जाल केवल सूचनाको माध्यम मात्र रहेन, यो राजनीतिक एजेन्डा सेट गर्ने र जनमत निर्माण गर्ने प्रमुख थलो बन्यो ।

रोजगारी, डिजिटल पूर्वाधार, शिक्षा सुधार र जलवायु परिवर्तन जस्ता विषयहरू युवा मतदाताका प्राथमिकतामा परे भन्ने कुरा नेतृत्वलाई पटक्कै महसुस भएन । चुनावी घोषणापत्रहरूमा देखाउन खोजेको लोकप्रियतावादका बाबजुद सचेत नागरिकले दीर्घकालीन आर्थिक योजना र राष्ट्रिय स्वाधीनताका मुद्दालाई प्राथमिकता दिए ।

जातीय, भौगोलिक र सामाजिक विभाजनको राजनीति गर्ने दलहरूले अपेक्षित सफलता पाउन नसक्नुले पनि मतदाताको चाहना स्पष्ट रूपमा झल्काउँछ ।

भू-राजनीतिक जटिलता

नेपालको अवस्थिति दुई विशाल छिमेकीहरूबिच मात्र सीमित छैन । अमेरिकाको 'इन्डो-प्यासिफिक रणनीति' को रणनीतिक संगमस्थल पनि बनेको छ । यस्तो अवस्थामा नेपालको तटस्थता र राष्ट्रिय हितको रक्षा कसरी गर्ने ? भन्ने ठूलो चुनौती हो ।

नेपालले आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर दुवै छिमेकी चीन र भारतसँग सन्तुलित सम्बन्ध कायम राख्नुपर्छ। कृषि विकास, जलस्रोत र कनेक्टिभिटीमा छिमेकीहरूको सहयोग लिँदै गर्दा आफ्नो सार्वभौमिकतामा आँच आउन दिनु हुँदैन । यसका लागि मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजनाको चयन, ऋण व्यवस्थापन र कार्यान्वयनमा पारदर्शी र राष्ट्रिय हित केन्द्रित संस्थागत संयन्त्र आवश्यक छ ।

स्ट्रेट पार्टनरसिप प्रोग्राम (एसपीपी) लाई कुनै पनि हालतमा स्विकार्नु हुँदैन । भारतसँगको खुला सीमा, लिपुलेकको सन्दर्भ, जलस्रोत सम्झौता र ऊर्जा व्यापारमा पनि नेपालको वार्ता क्षमता बलियो बनाउनु अनिवार्य छ ।

अन्तर्राष्ट्रिय ऐक्यबद्धता

साम्राज्यवादी हस्तक्षेपका विरुद्ध भेनेजुएलाको संघर्ष र प्यालेस्टाइनको आत्मनिर्णयको अधिकार जस्ता विषयमा नेपाल जस्तो असंलग्न राष्ट्रको स्पष्ट अडान हुन जरुरी छ । यसले विश्व मञ्चमा नेपालको नैतिक साख बढाउने मात्र होइन, संयुक्त राष्ट्र संघजस्ता बहुपक्षीय मञ्चहरूमा नेपालको प्रभावकारी उपस्थितिलाई समेत सहयोग पुऱ्याउँछ ।

तर, यस्ता अडानहरूलाई द्विपक्षीय सम्बन्धसँग सन्तुलन गर्ने कूटनीतिक चातुर्यता पनि उत्तिकै महत्त्वपूर्ण छ । विगतमा संयुक्त राष्ट्रसंघमा यूक्रेनको पक्ष लिएको घटना र इरानी नागरिकको 'अन अराइभल भिषा' नदिने नेपाल सरकारको निर्णय असम्लग्न परराष्ट्र नीति अनुकुल छैन् ।

५. संघीयता र स्थानीय सरकार: सुशासनको आधार

संविधानले परिकल्पना गरेको संघीयताको सफल कार्यान्वयन नै नेपालको विकासको साँचो हो । तर, केन्द्रिकृत मानसिकता, स्रोतको बाँडफाँडमा देखिएको अन्योल र क्षमता निर्माणको अभावले संघीयतामाथि नै प्रश्न उठ्ने गरेको छ । स्थानीय सरकारलाई बलियो र आत्मनिर्भर बनाउन आवश्यक छ ।

आर्थिक आत्मनिर्भरता, कृषिमा आधुनिकीकरण, स्थानीय स्रोतको अधिकतम उपयोग र सहकारीहरूको संस्थागत विकास यसका मुख्य आधार हुन् । वामपन्थी दृष्टिकोणबाट हेर्दा, सहकारी र सामूहिक खेतीको अवधारणालाई स्थानीय तहबाटै प्रोत्साहन गरिनु पर्दछ । भूमि ब्यबस्थापन, कृषि ऋणको सहज पहुँच, प्रत्येक कृषि उपजको समर्थन मूल्य घोषणा, बजारमा समानुपातिक पहुँच सुनिश्चित गर्न सकियो भने मात्र यो सम्भव छ । यसले एकातिर बेरोजगारी अन्त्य गर्छ भने अर्कोतिर देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउँछ । जवाफदेहिताको ढाँचा स्पष्ट हुनुपर्छ । संघीयताको सफलताकालागि यो संरचनागत पक्ष सबैभन्दा महत्त्वपूर्ण छ ।

प्रविधि र सामाजिक परिचालन

डिजिटल युगमा 'प्रोपागान्डा' को प्रतिकार गर्न र आधारभूत तहका मानिसहरूको आवाजलाई मूलधारमा ल्याउन प्रविधिको प्रयोग अपरिहार्य छ। निर्वाचन अभियानहरूमा देखिएको सामाजिक सञ्जालको प्रभावलाई अब नीति निर्माण र जनचेतनाका लागि प्रयोग गरिनुपर्छ ।

तर, यसका लागि केवल प्रविधिको प्रयोग मात्र पर्याप्त छैन । डिजिटल पूर्वाधारलाई सार्वजनिक सेवाको रूपमा स्थापित गर्ने, सञ्चार माध्यमको सार्वजनिक स्वामित्व र सूचनाको अधिकारको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरू पनि वामपन्थी राजनीतिको अनिवार्य एजेन्डा हुनुपर्छ ।

यसका साथै नेपालका बामपन्थीहरुले उठाउनु पर्ने महत्त्वपूर्ण विषय राष्ट्रको डेटा सुरक्षा हो । वर्तमान सरकारले डिजिटल कार्यव्यवहारलाई प्राथमिकतामा राखेसँगै डिजिटल सुरक्षाको राष्ट्रिय रणनीति र क्षमता के हो भन्नेबारेमा पनि त्यति नै चनाखोगरी अभियान र खबरदारी गर्नु पर्नेछ ।

वैचारिक जागरणको सान्दर्भिकता

गत बर्ष फेब्रुअरी २१ मा मनाइएको 'रेड बुक डे' ले वैचारिक जागरणमा एउटा महत्त्वपूर्ण सन्देश दिएको छ । पुस्तक र विचार अझै पनि परिवर्तनका शक्तिशाली हतियार हुन् । त्यसैले आम जनसमुदायलाई मार्क्सवादी विचारबाट प्रशिक्षित गराइनु पर्छ ।

मार्क्सवाद जस्ताको तस्तै नक्कल गर्नु भन्दा पनि 'ठोस परिस्थितिको ठोस विश्लेषण' गर्दै त्यसलाई नेपाली परिवेशमा विकास गर्दै कार्यान्वयन गर्नु आवश्यक छ । यसका लागि नेपाली समाजको वर्तमान वर्ग संरचना, राज्यको स्वरूप, विश्व पुँजीवादको प्रकृति र नेपाली विशिष्टतामा आधारित सैद्धान्तिक वैचारिक आधार निर्माणको आवश्यकता छ ।

आगामी बाटो

नेपाल अहिले निर्णायक मोडमा उभिएको छ । ०८२ को निर्वाचनले दिएको जनादेशलाई कदर गर्नुको विकल्प छैन । राजनीतिक दलहरूले अबको समय आर्थिक समृद्धि र सामाजिक न्यायमा केन्द्रित गर्नुपर्छ । केपी ओली र रमेश लेखकको गिरफ्तारीले प्रतिशोधको राजनीति सत्तापक्षले अँगिकार गरेको हो कि ? भन्ने आशंका जन्माएको छ ।

अहंकार र दम्भले हामीलाई यो ठाउँसम्म ल्याएको हो । प्रतिशोध भन्दा राष्ट्रिय सवालमा सहमती र सहकार्यको नीति अबलम्बन गरिनु पर्छ । यसका लागि निम्न दिशाहरूमा ध्यान दिन आवश्यक छ ।

पहिलो, आर्थिक एजेन्डा । दलाल पुँजीवादको घेरा तोडेर राष्ट्रिय पुँजीको विकास गर्ने, उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने र रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई उत्पादनमूलक अर्थतन्त्रमा रूपान्तरण गर्ने ।

दोस्रो, कूटनीतिक अडान । कुनै पनि सैन्य ब्लकमा सहभागी नभई 'सबैसँग मित्रता, कसैसँग छैन शत्रुता' को नीतिलाई दृढतापूर्वक पालना गर्ने । तर, यो नीतिलाई व्यवहारमा उतार्नका लागि संस्थागत कूटनीतिक क्षमताको विकास, वार्ताको सीप र राष्ट्रिय हितको स्पष्ट परिभाषा आवश्यक छ ।

तेस्रो, युवा नेतृत्व । युवाहरूको ऊर्जा र पुरानाको अनुभवलाई संयोजन गर्दै नयाँ कार्यदिशा तय गर्ने । राजनीतिक दलहरूभित्र पुस्ता हस्तान्तरणको स्पष्ट संस्थागत प्रक्रिया, नीति निर्माणमा युवाको सहभागिताको ढाँचा र नेतृत्व विकासका कार्यक्रमहरू यसका लागि आवश्यक छन् । चौथो, वैचारिक स्पष्टता। संसदीय अभ्यासलाई मात्र अन्तिम लक्ष्य नठानी यसलाई सामाजिक न्याय र समतामूलक समाज निर्माणको साधन बनाउने । यसका लागि सैद्धान्तिक अध्ययन तथ्यमा आधारित विश्लेषण र जनताको आधारभूत तहको आवश्यकतासँग जोडिने क्षमताको विकास गर्नुपर्छ ।

नेपालको समाजवादतर्फको यात्रा कठिन छ, तर असम्भव छैन । विचारको स्पष्टता, संगठनको सुदृढीकरण, संस्थागत क्षमताका विकासले गन्तव्यमा पुग्न सकिन्छ ।

आजको संकट बालेनको अग्निपरीक्षा हो



✍ इन्दिरा प्रसाई

दलहरूले मिलीजुली मासु र रगत चुसिसकेर प्राण मात्र येनकेन धानिरहेको अवस्थामा आजको नेपाल छ । हुन त सास रहुन्जेल आस रहन्छ नै ! संसारका अविकसित अवस्थामा रहेका कतिपय राष्ट्रहरू हाम्रो नेपालभन्दा पनि तन्नम अवस्था थिए । पछिल्लो समयमा दूरदर्शी, निःस्वार्थी, राष्ट्रवादी र सक्षम नेतृत्वले गर्दा ती देशहरू सफल राष्ट्रमा परिणत भएका उदाहरण छँदै छन् ।

सम्भावना र स्रोत प्रचुर भएको हाम्रो देश नेपालमा पनि नेतृत्व मात्र गतिलो भएमा हाम्रो देश पनि त्यस्तै सफल र समृद्धिशाली बन्ने सपना पनि बिपनामा परिणत गराउन सकिने थियो । तर खोइ ! दलबलले देश भनेको लुटेर खाने ठाउँ हो भन्ने भाष्य निर्माण गरिरहे ।

३५-३६ वर्षसम्म पनि त्यो बेहोरा देशले खेपी नै रह्यो । अनि साढे तीन दशकअघिको चैतदेखि २०८२ सालको चैतसम्ममा नेपाली जनता नेतागणदेखि चुर भइसकेको जोड घटाउले बालेन शाह जनसिंहासनमा आरोहण भएका छन् ।

नेताहरू भ्रष्ट, देशमारा र जनमारा भएकाले उनीहरू जनताबाटै पाखा लागेका हुँदै हुन् । त्यसैले देशको चौतर्फी विकास र जनकल्याणको जिम्मा नवयुवक बालेनले पाएका छन्। यो बेला भनेको सिंहदरबारमा प्रधानमन्त्रीको लहरमा बालेनको फोटो टाँस्ने मात्र कुरा हुँदै होइन ।

आजको यो संकटको घडी भनेको बालेनका लागि अग्नि परीक्षा नै हो । त्यसैले अब देशले युगयुगसम्म महामानवका रूपमा पूजा गरिने, नेपाली जनताको सास-सास र धड्कन-धड्कनमा बाँच्ने देवस्वरूप प्रधानमन्त्री बालेन बन्नेछन् वा प्रत्येक नेपालीको सास-सास र रगतको आँसुबाट निस्कने श्राप र केवल श्रापको भागीदार नराधम बालेन नै बन्ने छन् ? यसमध्ये एउटा पथ बालेनले रोज्ने बेला यही हो ।

हाम्रो देश नेपालमा भर्खरै प्रधानमन्त्री भएका ३५ वर्षे बालेनसँग सम्भावना प्रचुर देखिन्छ भने उनका लागि चुनौती पनि जटिल छ । यद्यपि बालेन युवा छन्, युगानुकुल प्रविधिका ज्ञाता र प्राविधिक विशेषज्ञ पनि छन् ।

बालेनको सानो असावधानी वा गैरजिम्मेवारीपनले पनि ठूलो राष्ट्रघात हुनसक्छ । सबै कुरा सहन सकिन्छ तर हाम्रो राष्ट्रमाथिको घात सहन सकिँदैन । यदि बालेन परजीवी नभई जनजीवी भए भने नेपाली जनता सधैँ बालेनका साथमा हुनेछन् । तर उनले राष्ट्रघात गरे भने र उनी जनघाती भए भने जनताले बालेनलाई पनि धुलो नै चटाउने छन् ।

व्यक्तिगत रूपमा भन्नुपर्दा बालेनलाई मैले शङ्कास्पद व्यक्तिका रूपमा नियाल्दै आएकी थिएँ । तर बालेनले ०८२ चैत १३ गते रामनवमीको पवित्र दिनमा सनातनी धर्म संस्कृतिलाई अपनाएर आफ्नो शपथ ग्रहण गराएकोमा र एक जना सनातनी भएका नाताले म पनि अब बालेनको सानोतिनो समर्थक बन्न पुगेँ ।

त्यसो त बालेनले महानगरपालिकाको मेयर हुँदा नै लथालिङ्ग भइसकेका काठमाडौँका प्राचीन मठमन्दिर जीर्णोद्धार गरेर सनातनप्रतिको आफ्नो प्रगाढ धार्मिक आस्था प्रकट गरिसकेका हुँदै हुन् ।

कुनै पनि देशका हरेक नागरिक प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राजनीतिसँग गाँसिएकै हुन्छन् । सोही अनुरूप जीवनको प्रारम्भिक अवस्थामा म नेपाली काँग्रेसमा सम्बद्ध थिएँ । ०४६ सालपछि नेपाली काँग्रेसमा पनि व्यक्तिवादी चिन्तन हाबी भएको देखेर म श्री ५ कै नेतृत्वको पछि लागेँ ।

त्यसपछि मैले 'माल्दाइलाई चिठी' कविता संग्रह नै लेखेकी हुँ । तर कविताको भाका भएरै हो कि ! राजदरबारबाट पनि नेपाली जनताले चाहेजस्तो खासै हुन सकेन । अन्ततः हाम्रो आस्थाको केन्द्र राजसंस्थालाई पनि दलहरू मिलेर बढारे ।

'धीपधीप' नाउँ गरेको मेरो राष्ट्रवादी कविताहरूको संग्रहमा पनि 'राष्ट्रका लागि राजनीति भनेको व्यक्तिको मेरूदण्ड झैँ हुनेरहेछ । राजनीतिमा रोग लागेकाले देश रोगी' भएको लेखेकी थिएँ । तर दलबलले जनताप्रति गैरजिम्मेवारी र राजालाई नै पनि चारैतिरको छेकबार गरेपछि के लाग्छ र ! त्यसैले अहिले तिनै दलबललाई जनताले कठोर दण्ड दिएका हुन् ।

नेपालको राजनीतिमा अप्रत्याशित रूपले बालेनको प्रवेश भएको छ । उनको उत्साहजनक उपस्थितिले संसारभरिका ओइलाएका सबै नेपाली मनहरूमा घाम लागेको छ र मैले पनि सोही अनुभूत गरेकी छु ।

हुन त, दलहरूले तिसौँ वर्षसम्म दसैऔँला घिउमा डुबाएको काठमाडौँ महानगरपालिकाको मेयरका रूपमा काठमाडौँका जनताले निर्दलीय बालेनलाई चुनेकै थिए । बालेनको दिग्विजयको त्यो चमत्कारिक दृश्यले संसारलाई चकितै पारेको थियो ।

झन् यतिबेला बालेनलाई नेपाली जनताले सम्पूर्ण देश र जनताको भविष्यको जटिल र बृहत्तर जिम्मेवारी नै बोकाएका छन् । यो बेहोरा बालेनका लागि भाग्य हो या अभाग हो भन्ने बेहोराको निष्कर्ष हेर्न जनता नै आतुर छन् ।

बालेनको सानो असावधानी वा गैरजिम्मेवारीपनले पनि ठूलो राष्ट्रघात हुनसक्छ । सबै कुरा सहन सकिन्छ तर हाम्रो राष्ट्रमाथिको घात सहन सकिँदैन । यदि बालेन परजीवी नभई जनजीवी भए भने नेपाली जनता सधैँ बालेनका साथमा हुनेछन् । तर उनले राष्ट्रघात गरे भने र उनी जनघाती भए भने जनताले बालेनलाई पनि धुलो नै चटाउने छन् ।

शायद त्यतिले मात्र पनि उनीप्रति नसियत नपुग्न सक्छ । किनभने प्रायः सारा जनताले बालेनलाई मन, वचन र कर्मले सिंहासनमा राखिदिएका छन् । नेपालको इतिहासमा त्यस्तो भाग्यमानी मान्छे एक मात्र बालेन देखा परेका छन् ।

संसारमा कहिल्यै पराधीन नभएको देशको नाउँ नेपाल हो । पृथ्वीनारायण शाहद्वारा एकीकरण गरिएको र राजा महेन्द्रबाट राष्ट्रियता बचाएर र विकासको रेखाङ्कन गरिएको सार्वभौमसत्ता सम्पन्न नेपालमाथि फिरङ्गीले आँखा नलगाउन् । चारैतिर भाँडिएको नेपालका लागि राष्ट्रिय एकताका सिङ्गो मियो गाड्न बालेन अघि सरुन् ।

मेरा वयका मानिसले छोरा पुस्ताका बालेनलाई मेरो सार्वभौम राष्ट्रको प्रधानमन्त्रीका रूपमा पाउँदा म आफ्नै सन्तानको उपलब्धिले झैँ रमाएकी छु। मलाई राष्ट्रको समृद्धि र सारा नेपाली जनताको मुहारमा सुखको मुस्कान हेर्ने इच्छा छ। जबसम्म राष्ट्र समृद्ध हुँदैन तबसम्म व्यक्ति जति नै समृद्ध भए पनि सुखी र शान्त हुने सक्तैन भन्ने कुरा मैले राम्ररी बुझेकी छु ।

सरकार प्रदत्त जेष्ठ नागरिक भत्ता खान थालिसकेकी मलाई बालेनसँगबाट कुनै स्वार्थसिद्धि गर्नु छैन । बालेन सरकारले मलाई व्यक्तिगत रूपमा केही दिनु पर्दैन । कुनै पनि निजी स्वार्थ राखेर बालेनलाई मैले दसैऔँलाको छाप लगाएकी हुँदै होइन ।

मलाई त नेपालको समृद्धि, आम जनताको स्तरोन्नति र राष्ट्रिय एकताको सवालसित मात्र नै सरोकार छ । त्यसैले म दोहोऱ्याएर भन्छु– प्रधानमन्त्री बालेनले सधैँ हेक्का राखेर काम गरून् !

संसारमा कहिल्यै पराधीन नभएको देशको नाउँ नेपाल हो । पृथ्वीनारायण शाहद्वारा एकीकरण गरिएको र राजा महेन्द्रबाट राष्ट्रियता बचाएर र विकासको रेखाङ्कन गरिएको सार्वभौमसत्ता सम्पन्न नेपालमाथि फिरङ्गीले आँखा नलगाउन् । चारैतिर भाँडिएको नेपालका लागि राष्ट्रिय एकताका सिङ्गो मियो गाड्न बालेन अघि सरुन् ।

फिरङ्गीको स्वार्थ सिद्धिको झण्डा नेपालमा नगाडियोस् । असंलग्न परराष्ट्रनीति अवलम्बन गरेको राष्ट्रको हितबाहेकका कुनै पनि सम्झौता बालेनले गर्ने छैनन् । यही बालेन सरकारले राष्ट्रिय अस्तित्वलाई नेपालीको शिरदेखि माथिमाथि र अझै माथि पुऱ्याउन् ।

देशभक्त बालेनमाथि कसैले पनि विदेशी दलालको बिल्ला नथोपरुन् । यदि उनीमाथि त्यस प्रकारको भारी बोकाउने फिरङ्गी आई लागे भने बरू उनले आफू सहित हुने काम गरुन् र उनी नेपालको इतिहासमा अजर अमर भईजाउन् ।

अदुवा उत्पादनमा वृद्धि, किसान उत्साहित

काँक्रेविहार संवाददाता
सल्यान, १५ चैत

चालू आर्थिक वर्ष २०८२।०८३ मा सल्यान जिल्लामा अदुवा उत्पादन बढेर २० हजार ९ सय ५० मेट्रिकटन पुगेको छ । पछिल्लो दुई वर्षदेखि अदुवाले राम्रो मूल्य पाउन थालेपछि यहाँका किसानहरू उत्साहित देखिएका छन् । कृषि विकास कार्यालयका अनुसार जिल्लामा हाल १ हजार ४ सय २० हेक्टर क्षेत्रफलमा अदुवा खेती भइरहेको छ । अघिल्लो आर्थिक वर्षमा सोही क्षेत्रफलबाट २० हजार ९ सय ९ मेट्रिकटन उत्पादन भएको थियो भने यस वर्ष उत्पादनमा सामान्य वृद्धि भएको हो ।

बजार मूल्यमा सुधार आएसँगै किसानको अदुवा खेतीप्रति आकर्षण बढ्दै गएको छ । यस वर्ष अदुवा प्रतिकिलो ४० देखि ५० रुपैयाँसम्ममा बिक्री भएको किसानहरूले बताएका छन् । बागचौर नगरपालिका-७ का किसान दीपेश डिसीका अनुसार गत वर्ष ३५ क्विन्टल अदुवा बिक्री गरेका उनले यस वर्ष ५० क्विन्टल उत्पादन गर्न सफल भएका छन् ।

मूल्य केही स्थिर हुन थालेपछि खेती विस्तार गर्ने हिम्मत बढेको उनले बताए पनि मूल्य अझै पूर्ण रूपमा भरपर्दो नभएको गुनासो गरेका छन् । उनका अनुसार बिउ नछानेको अदुवा प्रतिक्विन्टल ५ हजार ५ सय रुपैयाँ र बिउ छानेको ४ हजार ५ सय रुपैयाँमा बिक्री भएको छ । यस्तै, छत्रेश्वरी गाउँपालिका-२ का किसान डम्बर महरले पनि अदुवाबाट राम्रो उत्पादन पाएको बताए ।

उनले एक क्विन्टल बिउबाट करिब छ क्विन्टल उत्पादन भएको जानकारी दिँदै आगामी दिनमा खेती अझ विस्तार गर्ने योजना रहेको बताए । विगतमा उत्पादन धेरै हुँदा मूल्य घट्ने समस्या देखिए पनि पछिल्लो समय बजार र मूल्य दुवैमा सुधार आएको किसानहरूको भनाइ छ । सल्यानमा उत्पादन भएको अदुवा दाङ, सुर्खेत, नेपालगन्ज हुँदै भारतसम्म निर्यात हुने गरेको छ । कृषि प्राविधिकहरूका अनुसार बजारको सुनिश्चितता कायम रहिरहे अदुवा खेती अझै विस्तार हुने सम्भावना रहेको छ ।

बहुप्राविधिक शिक्षालय निर्माण हुँदै



काँक्रेविहार संवाददाता
जुम्ला, १५ चैत

जुम्लाको सिँजा गाउँपालिका-६ स्थित भाडगाउँको दिलौरीमा बहुप्राविधिक शिक्षालयको भवन निर्माण कार्य सुरु भएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानोठिमी भक्तपुरले २०७९ माघमा शिक्षालय स्थापना गर्न स्वीकृति दिएपछि निर्माण प्रक्रिया अघि बढेको हो ।

पहिलो चरणमा कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयमार्फत १५ लाख रुपैयाँ बजेट विनियोजन भई भवन निर्माण सुरु गरिएको हो । कुल २४ वटा भवन निर्माण गर्ने योजना रहेको यस शिक्षालयका लागि तयार गरिएको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) अनुसार करिब ७८ करोड रुपैयाँ लागत अनुमान गरिएको छ ।

गाउँपालिका अध्यक्ष पूर्णप्रसाद धितालका अनुसार शिक्षालय स्थापनाका लागि विगत तीन वर्षदेखि निरन्तर पहल भइरहेको छ । साथै, भारतीय दूतावाससँग करिब १९ करोड रुपैयाँ सहयोगका लागि डेढ वर्षदेखि समन्वय भइरहेको र आवश्यक कागजातसहित प्रस्ताव पेश गरिएको उनले जानकारी दिए ।

भारतीय दूतावासबाट प्रस्तावित सहयोग प्राप्त भएमा गाउँपालिकाले कुल बजेटको पाँच प्रतिशत, अर्थात् करिब तीन करोड रुपैयाँ योगदान गर्नुपर्ने सर्त रहेको छ । सोही अनुसार स्थानीय तहले तयारी गरिरहेको छ । शिक्षालय स्थापना गर्न भाडगाउँका स्थानीयवासीले करिब एक लाख वर्गमिटर जग्गा निःशुल्क उपलब्ध गराएका छन् ।

जग्गा हस्तान्तरण प्रक्रियामा लाग्ने राजस्व खर्च भने गाउँपालिकाले व्यहोरेको छ । स्थानीय सरकारको मात्र लगानीमा यति ठूलो परियोजना सम्भव नभएकाले जनप्रतिनिधि र कर्मचारीहरूले आवश्यक समन्वय गर्दै विभिन्न निकाय र मन्त्रालयमा पहल जारी राखेका छन् । दुर्गम क्षेत्रमा स्थापना हुन लागेको यो बहुप्राविधिक शिक्षालयले विशेषगरी विपन्न वर्गका विद्यार्थीलाई प्राविधिक शिक्षा हासिल गर्ने अवसर प्रदान गर्ने अपेक्षा गरिएको छ ।

सामाजिक विकास कार्यालय जुम्लाका प्रमुख टोपबहादुर बुढाका अनुसार यस्तो शिक्षालय स्थापना हुनु स्थानीयका लागि सकारात्मक र महत्वपूर्ण उपलब्धि हो ।

सडक स्तरोन्नतिपछि यातायात सहज बन्दै



काँक्रेविहार संवाददाता
हुम्ला, १५ चैत

हुम्ला जिल्लाको उत्तरी क्षेत्रस्थित सिमकोट-हिल्सा सडक अन्तर्गत याल्वाङ चौरदेखि इलिङ काँधसम्मको खण्ड स्तरोन्नति भएपछि यातायात सेवा सञ्चालनमा उल्लेखनीय सहजता आएको छ । यसअघि कठिन र जोखिमपूर्ण मानिने उक्त सडक खण्डमा अहिले सवारी आवागमन सहज भएको चालकहरूले बताएका छन् ।

जिप चालक पुरन रावतका अनुसार पहिले साँघुरा मोड र तीव्र उकालोका कारण सवारी साधन चलाउन निकै समस्या हुने गर्थ्यो । कतिपय स्थानमा गाडी मोड्न ब्याक गर्नुपर्ने अवस्था थियो भने गियर परिवर्तन पनि बारम्बार गर्नुपर्थ्यो । अहिले सडक सुधार भएपछि ती समस्या हटेका छन् र यात्रा सुरक्षित तथा सहज बनेको छ ।

एक वर्षअघि यही क्षेत्रमा साँघुरो र उकालो सडकका कारण गुडिरहेको ट्रक ब्याक भई दुर्घटनामा परेको घटना पनि स्मरणीय रहेको स्थानीयहरू बताउँछन् । निर्माण व्यवसायी सरोज रावतका अनुसार इलिङ काँधको सडक स्तरोन्नतिपछि पहिलेको २० प्रतिशतसम्मको उकालो घटाएर अधिकतम १२ प्रतिशतमा सीमित गरिएको छ । जसका कारण सवारी साधनलाई उक्त खण्ड पार गर्न लाग्ने समय पनि आधा घटेको छ–पहिले करिब आधा घण्टा लाग्ने दूरी अहिले १४ मिनेटमै पार गर्न सकिने भएको छ ।

याल्वाङदेखि इलिङ काँधसम्मको कुल ९.५ किलोमिटरमध्ये करिब दुई किलोमिटर खण्डमा मुख्य सुधार गरिएको हो । हिल्सा-सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीका अनुसार सडक १० मिटर चौडाइमा विस्तार गरिएको छ । उकालो क्षेत्रमा सुरक्षाका लागि दुवैतर्फ ग्याबिन वाल समेत निर्माण गरिएको छ । उनका अनुसार आगामी असार १९ गतेसम्म सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ काम तीव्र पारिएको छ ।

उक्त सडक खण्ड निर्माणका लागि २०७९ चैत २० गते कुशेश्वर-एजकेएम जनजागृति जेभीसँग सम्झौता गरिएको थियो । हालसम्म यस आयोजनाको वित्तीय प्रगति ५२ प्रतिशत र भौतिक प्रगति ६० प्रतिशत पुगेको छ । कुल २७ करोड ६९ लाख ८१ हजार रुपैयाँ बजेटमा निर्माण भइरहेको यो सडकले दुर्गम क्षेत्रमा आवागमनलाई थप सहज बनाउने अपेक्षा गरिएको छ ।

आलु खेतीमा महिलाको बढ्दो आकर्षण

काँक्रेविहार संवाददाता
बाजुरा, १५ चैत

बाजुराका ग्रामीण भेगका महिलाहरूमा आलु खेतीप्रति आकर्षण उल्लेखनीय रूपमा बढ्दै गएको छ । विगतमा सडक सञ्जालको अभावका कारण उत्पादन भएको आलु बजारसम्म पुऱ्याउन कठिन हुँदा महिलाहरू यस खेतीमा कमै संलग्न हुने गर्थे ।

अहिले सडक सञ्जाल विस्तारसँगै भएसँगै अवस्था परिवर्तन भएको छ । कृषि जानकारहरूका अनुसार गाउँसम्म सडक पुगेपछि महिलाहरूले उत्पादन गरेको आलु घरकै आगनबाट बिक्री गर्न सक्ने भएका छन् । जसले उनीहरूको खेतीप्रतिको रुचि बढाएको हो । बुढीगङ्गा नगरपालिका-४ साहुवाडाकी अमृता खाती भन्छिन्, पहिले गाउँमा गाडी आउँदैनथ्यो, अहिले भने सिधै घरसम्म आइपुग्छ ।

यसले आलु बिक्री गर्न सजिलो भएको छ र आम्दानी पनि राम्रो हुन थालेका उनले बताइन् । पहिले धान, गहुँ र जौजस्ता अन्नबालीमा निर्भर स्थानीय अहिले आलु खेतीतर्फ आकर्षित भएका छन् । आलुले तुलनात्मक रूपमा बढी आम्दानी दिन थालेपछि धेरै किसानले धान गहुँको सट्टा आलु उत्पादन बढाउन थालेका छन् । जिल्लाका हिमाली क्षेत्र, स्वामिकार्तिक खापर, जगनाथ, बुढीनन्दा, बडिमालिका, गौमुल, बुढीगङ्गा, त्रिवेणी र खप्तड छेडेदह क्षेत्रमा आलु राम्रो उत्पादन हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

यहाँ उत्पादन हुने आलु प्रायः स्थानीय जातका हुने र गाई-भैंसी तथा भेडाबाख्राको मल प्रयोग गरी अर्गानिक रूपमा उत्पादन गरिने गरेको छ । उपयुक्त भू-भाग र अनुकूल हावापानीका कारण बाजुरामा उत्पादित आलु जिल्ला बाहिरका बजारसम्म पुग्न थालेको छ । स्थानीय उत्पादन अर्गानिक भएकाले देशभर यसको माग बढ्दो रहेको छ । साथै, छोटो समयमा उत्पादन गर्न सकिने हुदा किसान आकर्षण भएका छन् आलबाट विभिन्न परिकार हरु बन्ने हुदा धेरै लाभदायक मानिन्छ ।

कृषि ज्ञान केन्द्रले किसानलाई उत्पादन बजारसम्म पुऱ्याउन ढुवानी अनुदानसमेत उपलब्ध गराउँदै आएको छ । पछिल्ला वर्षहरूमा बाजुराबाट सयौँ क्विन्टल आलु बाहिरी जिल्लामा निर्यात भइरहेको छ । जिल्लामा हाल करिब १ हजार ९ सय २५ हेक्टर क्षेत्रफलमा आलु खेती हुँदै आएको छ भने वार्षिक उत्पादन झण्डै २० हजार ४ सय ७० मेट्रिकटन रहेको कृषि ज्ञान केन्द्र बाजुराले जनाएको छ ।

गुर्भाकोट घटना अझै अज्ञात

काँक्रेविहार संवाददाता
सुर्खेत, १५ चैत

गुर्भाकोट नगरपालिका–११ पिप्लेकी माया कठायतका ५ वर्षीय छोरा दीपक कठायतको अवस्था अझै अज्ञात रहेको छ । चैत १ गते ३८ वर्षीया माया आफ्ना छोराछोरीसहित बेपत्ता भएकी थिइन् । माया र मायाकी ११ वर्षीया छोरी आशाको शव भेटिए पनि छोरा दीपकको अवस्था भने अझै अज्ञात छ । चैत्र १ गते बिहान ७ बजेतिर माया छोराछोरीसहित घरबाट सम्पर्कविहीन भएकी थिइन् । मायाका श्रीमान् भूपेन्द्र कठायतले बेलुका प्रहरी चौकी गुमीमा खबर गरेका थिए ।

त्यसपछि प्रहरी र स्थानीय खोजतलासमा खटिएका थिए । त्यस क्रममा घरदेखि करिब ३ किलोमिटर पर्ने भेरी नदी किनारमा मायाले प्रयोग गरेको झोला, सल, चप्पल र मोबाइल फेला परेको थियो ।

प्रहरीले उनीहरू भेरीमा बेपत्ता भएको आशङ्कासहित खोजतलास चैत्र २ गते बेलुकातिर मायाको शव लेकबेशी नगरपालिका-३ को पटारोस्थित भेरी नदीमा भेटिएको थियो ।

छोरी आशाको शव त्यसको भोलिपल्ट ९३० गुर्भाकोट नगरपालिका-१३, भम्कास्थित भेरी नदीमै फेला पऱ्यो । यद्यपि छोरा दीपकको अवस्था भने अझै अज्ञात छ । प्रहरी र स्थानीयले खोजी कार्य जारी राखे पनि अहिलेसम्म पत्ता नलागेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढ्थापाले जानकारी दिए । 'खोजतलास सबैतिर भयो तर, अवस्था अझै अज्ञात छ,' उनले भने ।

बबई लिफ्टिङमार्फत पानी वितरण

काँक्रेविहार संवाददाता
दाङ, १५ चैत

घोराही बजारमा वर्षौंदेखिको खानेपानी समस्याको समाधानका लागि बबईको पानी लिफ्टिङमार्फत वितरण सुरु भएको छ । चार वर्षअघि सम्झौता भई निर्माण सुरु गरिएको आयोजनाबाट गत फागुनदेखि पानी ल्याएर उपभोक्तामा वितरण भइरहेको छ । घोराही खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका सचिव धर्मेन्द्र श्रेष्ठका अनुसार बबई लिफ्टिङ आयोजनाले घोराहीस्थित झिगौरा ओभरहेड ट्याङ्कीमा एक सय १० लिटर प्रति सेकेन्ड दरले पानी आपूर्ति गरिरहेको छ । यस आयोजनाबाट अब आगामी करिब ३०-३५ वर्षसम्म घोराही बजारमा पानीको स्थायी आपूर्ति सुनिश्चित हुने विश्वास गरिएको छ ।

सचिव श्रेष्ठले भने, पानी वितरण सुरु भएपनि प्राविधिक रूपमा करिब २-३ प्रतिशत काम बाँकी छ, जुन चालू आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ । बबई पानी लिफ्टिङ आयोजना निर्माणका लागि भिमेश्वर डिलिङ एण्ड निर्माण कम्पनीसँग ४९ करोड ८५ लाख रुपैयाँको ठेक्का सम्झौता गरिएको कोषाध्यक्ष धुर्व केसीले जानकारी दिए । आयोजनाअन्तर्गत घोराही उपमहानगरपालिका-७ उत्तरबाहिनी क्षेत्रमा पाँच वटा डिपबोरिङ ट्याङ्की र फिल्टरसहितको रिजर्भवयर निर्माण गरिएको छ । पानी बेसाही र झिगौरा स्थित ओभरहेड ट्याङ्कीमा जम्मा गरी पाइपलाइनमार्फत घरधुरीमा वितरण भइरहेको छ । उत्तरबाहिनी क्षेत्रमा बालुवा छान्ने 'र्यापिड स्याण्ड फिल्टर' ट्याङ्कीसमेत निर्माण गरिएको छ । नेपाल सरकारले ३४ करोड ८९ लाख रुपैयाँ अनुदान प्रदान गरेको यस आयोजनाले हाल आठ हजार घरधुरीलाई पानी वितरण गरिरहेको छ । आगामी विस्तारमा १२ हजार घरधुरी थपिँदासमेत पानीको समस्या नपर्ने गरी दीर्घकालीन योजना तयार गरिएको संस्थाले जनाएको छ ।

महाबै गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

नौमूले गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
नौमूले, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं ।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं ।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं ।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं ।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं ।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं ।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं ।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं ।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं ।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं ।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं ।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !

स्वास्थ्य शिविरबाट चार सय बढी विपन्नलाई उपचार



❐ काँक्रेविहार संवाददाता
बाँके, १५ चैत

बाँके जिल्लाको नरैनापुर गाउँपालिका वडा नं. २ लक्ष्मणपुरमा निःशुल्क विशेषज्ञ स्वास्थ्य शिविर आयोजना गरी चार सय बढी स्थानीय विपन्न नागरिकले उपचार सेवा पाएका छन् । गोपाल नीना फाउन्डेसन नेपालगन्जले आयोजना गरेको शिविरमा फाउन्डेसनका प्रबन्ध निर्देशक डा.गौरव श्रेष्ठले स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका र विशेषज्ञ सेवाबाट बञ्चित नागरिकलाई घरदैलोमै सेवा दिने उद्देश्य राखेको बताए ।

डा.श्रेष्ठ पेट तथा कलेजो रोग विशेषज्ञसमेत हुन् । शिविरमा फिजिसियन, प्रसूति तथा स्त्री रोग, मुटुरोग, हाडजोर्नी, बालरोग र छाला रोग विशेषज्ञलगायत अनुभवी चिकित्सकहरूले सेवा प्रदान गरेका थिए । निःशुल्क स्वास्थ्य परीक्षण, परामर्श र औषधी सहित चार सय बढी स्थानीयले लाभ लिएका छन् । फाउन्डेसनका पब्लिक म्यानेजर दिलिप गिरीका अनुसार सामान्य रोगको उपचार पाउन पनि कठिनाइ हुने क्षेत्रमा घरआँगनमै विशेषज्ञ स्वास्थ्य सेवा पाउँदा स्थानीयहरू खुसी भएका छन् ।

शिविरमा नरैनापुर गाउँपालिका, सञ्जीवनी कलेज अफ मेडिकल साइन्सेस, नेपाल औषधी तथा बिक्री प्रतिनिधि सङ्घ र नेपाल औषधीगत बिक्री प्रबन्धक सङ्गठनले प्राविधिक सहयोग गरेका थिए । पेट तथा कलेजो रोग विशेषज्ञ डा.गौरव श्रेष्ठसहित डा.चन्दन सिंह, डा.लक्ष्मण यादव, चन्द्र शेखर यादव र डा.मेघा मण्डलले बिरामीको स्वास्थ्य परीक्षण र परामर्श सेवा उपलब्ध गराएका थिए । फाउन्डेसनले दुर्गम र स्वास्थ्य सेवाको पहुँच न्यून भएका क्षेत्रमा यस्ता निःशुल्क शिविर सञ्चालन गर्न पाउँदा चिकित्सक र कर्मचारीहरू उत्साहित रहेको जानकारी दिएको छ ।

सुर्खेतमा...

चैतदेखि असारसम्म वन डढेलो नियन्त्रणका लागि जनचेतना अभिवृद्धि, नियमित अनुगमन, जनशक्ति परिचालन तथा आवश्यक उपकरणको व्यवस्था गरिने निर्णय गरिएको छ।

बैठकमा हावाहुरी तथा बाढीपहिरोका कारण ६ वटा सामुदायिक वनमा पुगेको क्षतिको व्यवस्थापनबारे पनि छलफल गरिएको छ।

यस सम्बन्धमा वन नियमावली, २०७९ तथा कर्णाली प्रदेश वन नियमावली, २०८० अनुसार आवश्यक प्रक्रिया अघि बढाउन डिभिजन वन कार्यालय भेरी, बाबियाचौर र सुर्खेतलाई निर्देशन दिइएको छ।

समितिले सबै सरोकारवालाबीच समन्वयलाई प्रभावकारी बनाउँदै विपद् न्यूनीकरणमा सक्रिय भूमिका निर्वाह गर्न आग्रह गरेको छ। साथै, जिम्मेवार निकायहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने र प्रगति प्रतिवेदन आगामी बैठकमा पेश गर्ने व्यवस्था मिलाइएको छ।

समितिका अनुसार यी निर्णयहरूले विशेषगरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकलाई आगलागी, वन डढेलो तथा अन्य प्राकृतिक विपद्बाट जोगाउँदै बाली, पशुपालन र जीविकोपार्जन सुरक्षित गर्न ठोस आधार तयार गर्ने अपेक्षा गरिएको छ।

सुकुमवासीलाई जग्गा दिन नापजाँच सुरू



❐ काँक्रेविहार संवाददाता
बैतडी, १५ चैत

पञ्चेश्वर गाउँपालिकाले जिल्लाका सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनको लागि नापजाँचको काम सुरु गरेको छ । गाउँपालिकाले भूमि समस्या समाधान आयोगको जिल्ला कार्यालयसँग समन्वय गर्दै प्राविधिक रूपमा नापजाँचको प्रक्रिया अघि बढाएको हो । भूमि समस्या समाधान आयोगका जिल्ला अध्यक्ष रमेश पाण्डेयका अनुसार जिल्लाका १० वटै पालिकाबाट चार सय सुकुमवासी र दुई हजार सात सय अव्यवस्थित बसोबासीका आवेदन सङ्कलन भएका थिए ।

पञ्चेश्वर गाउँपालिकाबाट ५९ सुकुमवासी र चार सय अव्यवस्थित बसोबासीको आवेदन परेको थियो । सोमध्ये छानबिनपछि प्रमाणित ५९ सुकुमवासीलाइ जग्गा दिने उद्देश्यले नापजाँच सुरु गरिएको गाउँपालिका अध्यक्ष गोरखबहादुर चन्दले जानकारी दिए ।

जग्गा नापजाँच पञ्चेश्वर-४ को महाकली कोरिडोरसँग जोडिएको जाइबाटामा सुरु गरिएको छ । स्थानीय भूमि व्यवस्थापन सहजकर्ता नरीराम लोहारका अनुसार गाउँपालिकाले एकीकृत बस्ती बसाल्न तयारी गर्दै खाली जग्गा पहिचान गरेको छ । यसले बिजुली, खानेपानी, शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाहरू सहज रूपमा उपलब्ध गराउन मद्दत गर्नेछ । भूमि आयोगले नापीसम्बन्धी कामका लागि प्राविधिक परिचालन गरेको छ भने गाउँपालिकाले सहजकर्ता परिचालन गरी सुकुमवासीलाई सहयोग गरिरहेको छ ।

पाण्डेयले पञ्चेश्वरबाट प्रक्रिया सुरु भएपछि अन्य पालिकामा पनि काम विस्तार हुने जानकारी दिए । सुकुमवासी रगी लुहारले २०५२ सालदेखि जग्गा पाउने आशामा बसेका थिए । त्यतिबेला गोविन्दप्रसाद कलौनी अध्यक्ष रहेको आयोगले २ सय ५० जनालाई लालपुर्जा वितरण गरेको थियो, तर सो अनुसारको जग्गा वास्तविक रूपमा प्रदान हुन सकेको थिएन । यस पटक नापजाँच सुरु भएपछि २० वर्ष लामो प्रतिक्षा पूरा हुने अपेक्षा गरिएको छ ।

रारा अल्ट्रा म्याराथन सञ्चालन हुँदै

❐ काँक्रेविहार संवाददाता
जुम्ला, १५ चैत

कर्णाली क्षेत्रको चर्चित जुम्ला-रारा अल्ट्रा म्याराथनको सातौँ संस्करण आगामी वैशाख २६ गतेदेखि सुरु हुने भएको छ । कर्णाली खेलकुद क्लब जुम्लाको आयोजनामा सञ्चालन हुने प्रतियोगिता जुम्ला सदरमुकाम खलङ्गा बजारबाट प्रारम्भ हुने आयोजकले जनाएको छ । क्लबका अध्यक्ष सरोज शाहीका अनुसार प्रतियोगितामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका धावकहरूको सहभागिता रहनेछ । कर्णाली क्षेत्रको प्राकृतिक सौन्दर्यलाई प्रवर्द्धन गर्दै साहसिक खेल पर्यटन विकास गर्ने उद्देश्यका साथ म्याराथन आयोजना गर्न लागिएको हो । प्रतियोगिता अन्तर्गत ५ किलोमिटर, १० किलोमिटर र ५१ किलोमिटर दूरीका दौड समावेश गरिएका छन् । ५ किलोमिटर दौडमा कर्मचारी, उद्योगी, व्यापारी तथा सर्वसाधारणले सहभागिता जनाउन सक्नेछन्, जसका लागि ५ सय रुपैयाँ दर्ता शुल्क तोकिएको छ । १० किलोमिटर दौडमा १८ वर्षमुनिका बालबालिकाका लागि दर्ता शुल्क निःशुल्क गरिएको छ । ५१ किलोमिटर अल्ट्रा म्याराथनतर्फ स्थानीय धावकका लागि ३ हजार रुपैयाँ र अन्य धावकका लागि ५ हजार रुपैयाँ दर्ता शुल्क निर्धारण गरिएको छ ।

पुरस्कारतर्फ ५ किलोमिटर दौडमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ५ हजार, ३ हजार र २ हजार रुपैयाँ प्रदान गरिनेछ । १० किलोमिटरमा प्रथमलाई १० हजार, दोस्रोलाई ७ हजार र तेस्रोलाई ५ हजार रुपैयाँ दिइनेछ । ५१ किलोमिटर अल्ट्रा म्याराथनतर्फ प्रथम हुनेलाई १ लाख रुपैयाँ, दोस्रोलाई ७५ हजार, तेस्रोलाई ५० हजार तथा चौथो र पाँचौँ हुनेलाई समान २०-२० हजार रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । प्रतियोगितामा सहभागी हुन इच्छुक धावकहरूले आगामी वैशाख २० गतेसम्म नाम दर्ता गर्नुपर्ने आयोजकले जनाएको छ ।

वीरेन्द्रनगर नगरपालिका
वडा नं. १२ को कार्यालय
कर्णाली प्रदेश, सुर्खेत

७ दिने सूचना !

(प्रथम पटक प्रकाशित: २०८२/१२/१६)

वीरेन्द्रनगर नगरपालिका बस्ने श्री खगिसरा कामीले वीरेन्द्रनगर नगरपालिका वडा नं. १२ को साविक जर्बुटा-३ (क) गा.प. वडा नं. १२ कित्ता नं. २७०३/३९०८ क्षेत्रफल १४०.०० को पूर्व गणेश वि.क., पश्चिम, इन्द्रबहादुर कामी उत्तर इन्द्रबहादुर कामी र दक्षिण सडक यति चार किल्ला भित्रको जग्गामा तपसिलमा उल्लेख भए बमोजिमको निर्माण कार्य गर्नको लागि पास गरी पाउँ भनी मिति २०८२/११/२९ गतेमा निवेदन दिनुभएकोले सोको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ अनुसार सो बनाउने घरको सँधियार कोही कसैलाई पिरमर्का पर्ने भए आफूलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वीरेन्द्रनगर नगरपालिकाको कार्यालयमा उजुर बाजुर गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र पर्न नआएका उजुरप्रति कुनै कारबाहि गरिने छैन।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर:

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

डुङ्गेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
डाँडापराजुल, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

- योजना निर्माण गर्दा दिगोपना, गुणस्तर र पारदर्शीतालाई ध्यानमा राखी योजना निर्माण गरौं।
- मालपोत, घरजग्गा कर आदि समयमै तिरौं, नागरिकको दायित्व पूरा गरी गौरव गरौं र जरिवानाबाट बचौ।
- खोप लगाउने उमेरका बालबालिकालाई निर्धारित अवधिभित्रै खोपको मात्रा पूरा गराऔं।
- चट्याङ र आगलागीका कारण हुन सक्ने क्षतिबाट आफू पनि बचौ र अरूलाई पनि बचाऔं।
- सडक तथा सार्वजनिक जग्गाको अतिक्रमण नगरौ, हुन पनि नदिऔं।
- सधैंभरी घर, आँगन र सडक सफा राखौं, कुरिती र कुसंस्कारलाई जरैदेखि फ्याँकौ, सभ्य र असल नागरिक बनौं र बनाऔं।
- आगलागी हुने प्रज्वलनशील पदार्थहरू, बारुदजन्य पदार्थ बालबालिकाको पहुँचमा नराखौं, रूख रोपौं, वन जोगाऔं।
- आगलागी हुन नदिऔं, भएमा तुरुन्त आफू र आफ्नो समुदाय, नजिकको प्रहरी वा नगरपालिकाको सहयोगमा कार्य गरौं।
- घरको संरचना बलियो बनाऔं, हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं।
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं, छतको गमला सुरक्षित रुपमा राखौं।
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, हावाहुरी चलेको बेला सवारी नचलाऔं।
- आवश्यक बाहेक बाहिर नहिडौं, मास्क लगाएर हिडौं, पानी प्रशस्त पिऔं निरोगी बनौं।
- जन्म, मृत्यु, विवाह, बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं।
- सामाजिक सुरक्षा भत्ता पाउनु पर्नेले लिन नछुटौं, नपाउनेले लिइरहेको भए बन्द गराऔं।

सहयोगको लागि हजुरहरू सबैलाई धेरै धेरै धन्यवाद !



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)